अनुसूची-१

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश लेखा इकाई कार्यालय
उदयपुर

जिल्लागत एकीकृत वार्षिक वित्तीय विवरण

आ.ब. २०८१/८२

प्रदेश लेखा इकाई कार्यालय, उदयपुर

२०८२ भाद्र

भूमिका

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियामावली, २०७९ को नियम ७५ मा जिल्लागत वित्तीय विवरण प्रदेश लेखा इकाई कार्यालयले जिल्लास्थित कार्यालयलाई दिएको भुक्तानी निकासाको आधारमा बजेट शीर्षक र कार्यालयको विवरण छुट्टिने गरी प्रत्येक मन्त्रालय वा केन्द्रीय निकायको प्रदेश सरकारको स्रोत, वैदेशिक सहायताको भुक्तानी निकासाको विवरण, राजस्व, धरौटी, अन्य कोष तथा सम्पत्ति र प्रतिबद्धताको छुट्टाछुट्टै अभिलेख तयार गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय मा पठाउनु पर्ने व्यवस्था रहेको छ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११ (३) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले कात्तिक १५ गते भित्र एकीकृत वित्तीय विवरण महालेखा नियन्त्रक कार्यालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने गरि समय किटान भएकोले सो कार्यको लागि उदयपुर जिल्लाको जिल्लागत एकीकृत वित्तीय विवरण तयार गरिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ तथा प्रदेश आर्थिक कार्यावधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ मा भएको कानूनी व्यवस्था र प्रदेश लेखा नियन्त्रक कार्यालयले वित्तीय विवरण तयारी सम्बन्धमा दिएको निर्देशन समेतका आधारमा यो विवरण तयार गरिएको छ। यो विवरण तयार गर्दा FMIS, TSA, SUTRA, PAMSv2, new RMIS प्रणालीबाट प्राप्त विवरण र प्रतिवेदनलाई आधार लिईएको छ।

विषय सूची

शुद्धताको स्वघोषणा---2

१. जिल्लाको संक्षिप्त जानकारी--3-4

२. जिल्लाको वित्तीय अबस्थाको संक्षिप्त जानकारी

२.१ विनियोजित बजेट र खर्चको अवस्था-----------------------------------4

२.२ राजस्व संकलन---5

२.३ धरौटी--5

२.४ कार्यसञ्चालन कोष---5

२.५ अन्य कोष---5

२.६ जिन्सी मौज्दातको वार्षिक विवरण---------------------------------------6

२.७ भुक्तानी दिन बाँकी-- 7

२.८ पेस्की---7

२.९ स्थानीय तहको वित्तीय हस्तान्तरण र फिर्ताको विवरण----------------7-9

२.१० स्थानीय तहको राजस्व बाँडफाँटको विवरण---------------------------9

३. तलवी प्रतिवेदन---9

४. कार्यसञ्चालनको क्रममा देखिएका समस्या र समाधानको उपाय-----------------10

५. अनुसूचीहरू

- खर्चको विवरण (जिल्ला/बजेट उपशीर्षक/कार्यालय) (FMIS को प्रतिवेदन नं. २०५२)
- कार्यालयगत राजस्व संकलनको वार्षिक विवरण (FMIS को प्रतिवेदन नं ३०२७)
- शीर्षकगत राजस्व संकलनको वार्षिक विवरण (FMIS को प्रतिवेदन नं ३०२५)
- धरौटीको वार्षिक विवरण (FMIS को प्रतिवेदन नं (४१०४ र ५००८)
- कार्यसञ्चालन कोषको वार्षिक विवरण (FMIS को प्रतिवेदन नं ४२०४ र ५००९)
- अन्य कोषहरूको वार्षिक विवरण (FMIS को प्रतिवेदन नं ४५०३)
- आन्तरिक लेखापरीक्षणको जिल्लागत एकीकृत वार्षिक प्रतिवेदन (FMIS को प्रतिवेदन नं ४४०८)
- भुक्तानी दिन बाँकीको विवरण (FMIS को प्रतिवेदन नं ४५०५)
- पेस्की बाँकीको विवरण (FMIS को प्रतिवेदन नं ४५०७)
- सम्पत्तिको वार्षिक विवरण (PAMS V2 को प्रतिवेदन नं ६१०७)
- विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य कोष बैंक स्टेटमेन्ट (सका)
- स्रेस्ता अनुसार र बैंक अनुसार मौज्दात रकम फरक भएको अवस्थामा प्रत्येक खाताको बैंक समायोजन विवरण
- हिसाव भिडानको क्रममा कुनै कैफियत उल्लेख गरी हिसाव भिडान गरिएकोमा त्यसको प्रमाण

६. स्थानीय तहको म.ले.प.फा.नं. २७० बमोजिमको प्रतिवेदन।

प्रदेश लेखा इकाई कार्यालय, उदयपुरले पेस गरेको आर्थिक वर्ष २०८१/०८२ को जिल्लागत एकीकृत वित्तीय विवरणका सम्बन्धमा गरेको

शुद्धताको स्वघोषणा

- विनियोजनको प्रमाणित आर्थिक विवरण र विनियोजनको जिल्लागत एकीकृत आर्थिक विवरण (FMIS को प्रतिवेदन नं) मा रहेका खर्च शीर्षक, दातृ निकाय, भुक्तानी विधि, शुरु बजेट, अन्तिम कायम बजेट र खर्चको विवरण एक एक गरी रुजु गरिएको छ र सम्पूर्ण विवरणहरू भिडेका छन्, कुनै फरक छैन।
- लेखापरीण प्रतिवेदनमा रहेको कैफियत तथा बेरुजु र वित्तीय विवरणमा रहेको आन्तरिक लेखापरीक्षणको कैफियत तथा बेरुजुको व्यहोरागत विवरण एक एक गरी रुजु गरिएको छ र सम्पूर्ण विवरणहरू भिडेका छन्, कुनै फरक छैन।
- धरौटीको प्रमाणित आर्थिक विवरण र जिल्लागत एकीकृत वित्तीय विवरणमा रहेको धरौटीको एकीकृत आर्थिक विवरणमा रहेको अ.ल्या., चालू आ.व. को आम्दानी, खर्च र बाँकी रकम एक एक गरी रुजु गरिएको छ र सम्पूर्ण विवरणहरू भिडेका छन्, कुनै फरक छैन।
- कार्यसञ्चालन कोष तथा अन्य कोषको प्रमाणित आर्थिक विवरण र जिल्लागत एकीकृत वित्तीय विवरणमा रहेको अ.ल्या, चालू आ.व. को प्राप्ति, खर्च र बाँकी रकम एक एक गरी रुजु गरिएको छ र सम्पूर्ण विवरणहरु भिडेका छन्, कुनै फरक छैन।
- प्रमाणित भुक्तानी दिन बाँकीको विवरण, अनुसूची-३४ मा प्रविष्टि गरिएको भुक्तानी दिन बाँकीको विवरण र जिल्लागत एकीकृत वित्तीय विवरणमा रहेको ब.उ.शि.नं., खर्च शीर्षक, रकम लगायतका विवरणहरु एक एक गरी रुजु गरिएको छ र सम्पूर्ण विवरणहरु भिडेका छन्, कुनै फरक छैन।
- राजस्वको प्रमाणित आर्थिक विवरण र जिल्लागत एकीकृत वित्तीय विवरणमा रहेको रजस्वको कार्यालय, राजस्व शीर्षक, रकम, गत वर्षको नगद बाँकी यो बर्ष दाखिला, नगद बाँकी लगायतका विवरणहरु जिल्लागत एकीकृत वित्तीय विवरणमा भिडेका छन्।
- सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको हकमा खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी खाताको गत आ.व. को अ.ल्या, चालू आ.व. को आम्दानी, खर्च र बाँकी रकम एक एक गरी रुजु गरी कार्यालयगत जिन्सी मौज्दातको वार्षिक विवरण प्रमाणित गरिएको छ। प्रमाणित कार्यालयगत जिन्सी मौज्दातको वार्षिक विवरणमा रहेको जिन्सी सामानको परिमाण र जम्मा मूल्य PAMS V2 मा रहेको कार्यालयगत जिन्सी मौज्दातको वार्षिक विवरणमा रहेको जिन्सी सामानको परिमाण र जम्मा मूल्य एक एक गरी रुजु गरिएको छ र सम्पूर्ण विवरणहरु भिडेका छन्, कुनै फरक छैन।
- स्थानीय तहको हकमा निर्देशनको बुँदा नं १३ मा प्रस्तुत गरिए बमोजिमको विवरणको शुद्धता परीक्षणमा ध्यान दिइएको छ, ती विवरणहरु यथार्थपरक छन्।

(...)

पेम्बा शेर्पा

लेखा नियन्त्रक

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश लेखा इकाई कार्यालय
उदयपुर, गाईघाट

पेम्बा शेर्पा
लेखा नियन्त्रक

पेम्बा शेर्पा
लेखा नियन्त्रक

संक्षिप्त विवरण

१. जिल्लाको संक्षिप्त जानकारी

महाभारत श्रृंखलादेखि चुरे पर्वत मालाको भित्री मधेश क्षेत्र भित्र उदयपुर जिल्ला विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित रहेको छ। पूर्वतिर सांघुरिएर पश्चिमतिर फुक्दै गएको यस जिल्लाको क्षेत्रफल २०६३ वर्ग किलोमिटर (२०६३०० हे.) रहेको छ। भू-बनोटको आधारमा पहाड, वेशी, टार र तराई समेतको भू-भाग ओगट्ने यो जिल्ला क्षेत्रफलको हिसाबले नेपालको २० औँ स्थानमा पर्दछ। उदयपुरको सिमानामा ९ जिल्ला पर्दछन्, जुन नेपालको धेरै जिल्लासँग सिमाना जोडिएको जिल्लाको दोस्रो स्थानमा पर्दछ। विषम भौगोलिक बनोट रहेको यस जिल्लामा महाभारत श्रृङ्खला अन्तर्गत धारिला विकट डाँडाहरु छरिएका र पातलिएका बस्तीहरु छन् भने महाभारत फेदीदेखि चुरे श्रृङ्खला वीचमा समथर फाँटहरु र दक्षिणी सिमाना चुरे क्षेत्रमा घनाजङ्गल रहेको छ।

त्रियुगा नदीको किनारमा चुरे र महाभारततर्फको बीचमा रहेका भित्री मधेशका फाँटहरु मध्ये त्रियुगा नगरपालिका त्रियुगा उपत्यका नामले पनि चिनिन्छ। यही नगरपालिकामा अवस्थित गाईघाट (बोक्से) मा सदरमुकाम रहेको यो जिल्ला समुद्र सतहबाट ३६० मिटरदेखि २३१० मिटर उचाइसम्म रहेको छ। यस जिल्लामा २ वटा प्रतिनिधी सभा निर्वाचन क्षेत्र, ४ वटा प्रदेश सभा निर्वाचन क्षेत्र, ८ वटा स्थानीय तह (४ नगरपालिका र ४ गाउँपालिका) रहेका छन्। यस जिल्लाका केही प्रमुख ऐतिहासिक एवं पर्यटकीय स्थलहरु ताप्ली पोखरी, चौदण्डी दरबार, उदयपुरगढी, रौतापोखरी आदि रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार उदयपुर जिल्लाको जनसंख्या ३४०७२१ रहेको छ जुन नेपालको जनसंख्याको १.१७ प्रतिशत रहेको छ जसमध्ये ४८.०६ % पुरुष र ५१.९४% महिला रहेका छन्। ७७.२० % साक्षरता दर रहेको यस जिल्लामा राई, मगर, दनुवार, चौधरी, तामाङ लगायत विभिन्न ८६ जातजातिको बसोबास रहेको पाइन्छ। ६० मातृभाषा बोलिने यस जिल्लामा मगर, थारु, चाम्लिङ, तामाङ मातृभाषीहरुको बाहुल्यता पाइन्छ। उदयपुर जिल्लाको सदरमुकाम गाईघाट कोशी प्रदेशको राजधानी विराटनगरबाट ११० कि.मी. र मुलुकको राजधानी काठमाण्डौँबाट २९५ कि.मी. दुरीमा रहेको छ।

उदयपुर जिल्लामा रहेका ८ वटा स्थानीय तहहरू देहाय बमोजिम रहेका छन्

१. त्रियुगा नगरपालिका	२. रौतामाई गाउँपालिका
३. चौदण्डीगढी नगरपालिका	३. लिम्चुङबुङ गाउँपालिका
५ बेलका नगरपालिका	६. उदयपुरगढी गाउँपालिका
७. कटारी नगरपालिका	८. ताप्ली गाउँपालिका

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश लेखा इकाई कार्यालय

पेम्बा शेर्पा
लेखा नियन्त्रक

आर्थिक वर्ष २०८१/०८२ मा प्रदेश सरकारबाट प्राप्त अख्तियारीबाट खर्च लेख्ने संघीय कार्यालयहरु देहाय बमोजिम रहेका छन् :

सि.नं.	कार्यालय	सि.नं.	कार्यालय
१	जिल्ला प्रशासन कार्यालय	२	नापी कार्यालय गाईघाट
३	उदयपुर जिल्ला अदालत	४	नापी कार्यालय गाईघाट
५	इलाका प्रशासन कार्यालय कटारी, उदयपुर		

उदयपुर जिल्लामा लेखा समूहको दरवन्दी र पदपूर्तिको अवस्था

उदयपुर जिल्लामा प्रदेश सरकार अन्तर्गतका कार्यालयमा रहेको एकमुष्ठ दरवन्दी र पदपूर्तिको विवरण तपसिल बमोजिम रहेको छ ।

सि.नं	पद/तह	दरवन्दी संख्या	पदपूर्ति	रिक्त	कैफियत
१	लेखा अधिकृत (अधिकृतस्तर सातौँ/आठौँ)	३	१	२	
२	लेखापाल/सहायक अधिकृत (सहायक पाँचौ/अधिकृत छैठौं)	१०	८	२	संघीय लेखापाल कामकाजमा रहेको संख्या -१
३	सह-लेखापाल	५	०	५	
जम्मा		१८	९	९	

२. जिल्लाको वित्तीय अबस्था संक्षिप्त जानकारी

२.१ विनियोजित बजेट र खर्चको अवस्था:

बजेटको प्रकार	विनियोजित बजेट	खर्च	खर्च प्रतिशत	कैफियत
चालु	८१६३०४४४८	६६११६७७२२.५७	८०.९९	अन्तरसरकारी वित्त हस्तान्तरण समेत
पूँजिगत	१०६४४२३०००	९९९५१०२९३.०८	९३.९०	
जम्मा	१८८०७२७४४८	१६६०६७८०१५.६५	८८.३०	

पेम्बा शेर्पा
लेखा नियन्त्रक

२.२ राजस्व सङ्कलन

राजस्व र अन्य प्राप्ति	रकम	कैफियत
कर राजस्व	१७०१८९०९५.७०	
अन्य राजस्व		
अनुदान		
बिबिध प्राप्ति		
जम्मा	१७०१८९०९५.७०	

नोट- राजस्व शिर्षक नं ३३३४० र ३३३६० बाट संकलित रकम समेत समावेश गरिएको छ।

२.३ धरौटी

गत वर्षको मौज्दात रकम रु.	यस आ.ब.को आम्दानी रकम रु.	यस बर्षको धरौटी फिर्ता रकम रु.	जम्मा मौज्दात रकम रु.
११४६६७४२०.५८	४४४५६२४२.३८	३१६०७३२३.९१	१२७५१६३३९.०५

२.४ कार्यसञ्चालन (विविध) कोष

गत वर्षको मौज्दात रकम रु.	यस आ.ब.को आम्दानी रकम रु.	यस बर्षको खर्च रकम रु.	मौज्दात रकम रु.
१९७०७१२५.९१	१८७९४५७८६.९०	१६३६२९६७९.६६	४४०२३२३३.१५

२.५ अन्य कोष

२.६ जिन्सी मौज्दातको वार्षिक विवरण

कोशी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश लेखा नियन्त्रक कार्यालय

पेम्बा शेर्पा
लेखा नियन्त्रक

सि.नं.	कार्यालयहरु	PAMS को प्रयोग गरेको वा नगरेको	जिन्सी मौज्दातको कूल रकम	कैफियत
१	प्रदेश लेखा इकाई कार्यालय उदयपुर	गरेको		
२	कृषि ज्ञान केन्द्र उदयपुर	गरेको		
३	भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र	गरेको		
४	घरेलु तथा साना उद्योग कार्यलय	गरेको		
५	जलस्रोत तथा सिँचाई विकास डिभिजन	गरेको		
६	यातायात व्यवस्था सेवा कार्यालय	गरेको		
७	आयुर्वेद स्वास्थ्य केन्द्र	गरेको		
८	पूर्वाधार विकास कार्यालय	गरेको		
९	स्वास्थ्य कार्यालय	गरेको		
१०	जिल्ला अस्पताल	गरेको		
११	डिभिजन वन कार्यालय गाईघाट	गरेको		
१२	डिभिजन वन कार्यालय त्रिवेणी	गरेको		
१३	कटारी अस्पताल कटारी	गरेको		

पेम्बा शेर्पा
लेखा नियन्त्रक

२.७ भुक्तानी दिन बाँकी

सि.नं.	कार्यालय	भुक्तानी दिन बाँकी रकम	कैफियत
१	कटारी अस्पताल कटारी	१३६०४	बजेट अभाव
२	पूर्वाधार विकास कार्यालय	१४७५०००	बजेट अभाव
जम्मा		१४८५६०४/-	

२.८ पेस्की

कार्यालय र बजेट उपशीर्षक	चालु आ.व. को पेश्की बाँकी			गत आ.व. को पेश्की बाँकी	कुल जम्मा पेश्की
	म्याद ननाघेको	म्याद नाघेको	जम्मा		
पूर्वाधार विकास कार्यालय, उदयपुर ब.उ.शी.नं ३३७०१०१२४	६३९९००००	२१९००००००	८५८९००००	७४८२५०००	१६०७१५०००
जिल्ला अस्पताल, उदयपुर ब.उ.शी.नं ३७००२१०२३				३००००००	३००००००
जलस्रोत तथा सिँचाई विकास डिभिजन ब.उ.शी.नं ३१३०२१०६४	६७९९०००				६७९९०००

२.९ स्थानीय तहको वित्तीय हस्तान्तरण र फिर्ताको विवरण

क्र. सं	स्थानिय तहको नाम	अनुदानको प्रकार	बजेट	खर्च	फिर्ता हुनुपर्ने र भएको रकम	फिर्ता भौचर नं (RMIS) को
१	त्रियुगा नगरपालिका	समानिकरण अनुदान	१३४९८०००	१३४९८०००	०	bank transfer
		शसर्त अनुदान	९६३१०००	९२८९२४९	३४१७५१	bank transfer
		शसर्त अनुदान पुजिगत	३१०२५०००	२६२२११८०	४८०३८२०	bank transfer
		समपुरक अनुदान	१३००००००	९४६२३००	३५३७७००	bank transfer

२	**चौदण्डिगढी नगरपालिका**	समानिकरण अनुदान	८८८७०००	८८८७०००	०	
		शसर्त अनुदान	३६५४०००	३२८४५७९	३६९४२१	8055459
		शसर्त अनुदान पुजिगत	१३८३००००	११५४२७२१.९८	२२८७२७८.०२	8055456
		समपुरक अनुदान	१३००००००	८३३७६३९.५४	४६६२३६०.४६	8055456
३	**वेलका नगरपालिका**	समानिकरण अनुदान	८१०८०००	८१०८०००	०	
		शसर्त अनुदान	४०१५०००	३८३०९५०	१८४०५०	36009829
		शसर्त अनुदान पुजिगत	९६८५०००	५१३३१६५	४५५१८३५	33489792
		समपुरक अनुदान	१३००००००	१२४५९१६१	५४०८३९	33489792
४	**कटारी नगरपालिका**	समानिकरण अनुदान	६६१६०००	६६१६०००	०	
		शसर्त अनुदान	७४३८०००	७२८९३८४	१४८६१६	7470296/ 7470297
		शसर्त अनुदान पुजिगत	२०२५८०००	१९२३१६०२	१०२६३९८	7470297
		समपुरक अनुदान	१३००००००	९४५३०१५	३५४६९८५	7470297
५	**रौतामाई गाउँपालिका**	समानिकरण अनुदान	५७३३०००	५७३३०००	०	
		शसर्त अनुदान	५१७२०००	२६३५८८४	२५३६११६	PRVU250711 O06417
		शसर्त अनुदान पुजिगत	६९०००००	५९०६४३९	९९३५६१	PRVU250711 O06417
		समपुरक अनुदान	९७०००००	०	९७०००००	
६	**उदयपुरगढी गाउँपालिका**	समानिकरण अनुदान	९४२४०००	९४२४०००	०	
		शसर्त अनुदान	२६१००००	२१९२५३५	४१७४६५	bank transfer
		शसर्त अनुदान पुजिगत	१६०६४०००	१५५४०७०२	५२३२९८	bank transfer

		समपुरक अनुदान	१०००००००	७४४०६२७	२५५९३७३	bank transfer
७	**लिम्चुङबुङ गाउँपालिका**	समानिकरण अनुदान	३८४७०००	३८४७०००	०	
		शसर्त अनुदान	२६७५०००	२५०००००	१७५०००	8690582
		शसर्त अनुदान पुजिगत	२५०००००	२४३२१८६	६७८१४	8690582
		समपुरक अनुदान	१०००००००	९९३६४०५	६३५९५	8690583
८	**ताप्ली गाउँपालिका**	समानिकरण अनुदान	४३७००००	४३७००००	०	
		शसर्त अनुदान	६००९०००	५९९६६९५.१८	१२३०४.८२	1024989
		शसर्त अनुदान पुजिगत	८९९५०००	८६६६१८३.५३	३२८८१६.४७	1024990
		समपुरक अनुदान	१०००००००	४६१३८८९.६५	५३८६११०.३५	
कुल जम्मा			**३०२६४४०००**	**२५३८७९४९२.८८**	**४८७६४५०७.१२**	

२.१० स्थानीय तहको राजस्व बाँडफाँटबाट प्राप्तिको विवरण

राजश्व शीर्षक नं	राजश्व शीर्षक	शुरु मौज्दात	प्राप्ति	बाँडफाँड		श्रेष्ता अनुसार बाँडफाँड हुन बाँकी (अन्तिम मौज्दात)	बैंक अनुसार बाँडफाँड हुन बाँकी (अन्तिम मौज्दात)	फरक	फरक भए सोको कारण
				प्रदेशमा	स्थानीय तहमा				
१	२	३	४	५		६=३+४+५	७	८=६-७	९

३. तलवी प्रतिवेदन

तलवी प्रतिवेदन पारित गर्नुपर्ने कार्यालयको संख्या	तलवी प्रतिवेदन पारित गरिएका कार्यालयको संख्या	तलवी प्रतिवेदन पारित गर्न देखा परेका समस्याहरु
१३	१	विगत आ.व. हरुको तलवी प्रतिवेदन पारित नभएको हुँदा विवरणहरु अद्यावधिकमा समस्या

४. कार्यसञ्चालनको क्रममा देखिएका समस्या र समाधानको उपाय

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश लेखा इकाई कार्यालय
उदयपुर, गाईघाट

पेम्बा शेर्पा
लेखा नियन्त्रक

कार्यसम्पादनको क्रममा भुक्तानी निकासा, लेखा परीक्षण, प्रणाली लगायतका विषयमा देखिएका समस्या	समाधानको लागि चाल्नुपर्ने कदम	कैफियत
• सेवा प्रवाह गर्न समयानुकुल नयाँ नयाँ प्रविधिहरु प्रयोगमा रहेको तर ती प्रणालीहरु म.ले.नि.का.को नियन्त्रणमा रहेको हुदा स सना त्रुटीहरु समेत सच्याउन कठिनाई रहेको । • संचालनमा आएका प्रणालीहरुले पूर्णता पाईनसकेको साथै एक अर्को प्रणाली विचमा आवद्धताको कमीले कठिनाई उत्पन्न भएको • कार्यसञ्चालन कोष तर्फ पेश्की भुक्तानी र फर्स्यौटमा समस्या रहेको	• समय समयमा तालिम सञ्चालन गरी प्रदेश जनशक्तिलाई त्रुटीहरु समेत सच्याउन सक्ने गरी अधिकार दिने व्यवस्था हुनु पर्दछ • संचालनमा आएका प्रणालीहरुलाई पूर्णता दिनु पर्ने साथै एक अर्को प्रणाली विचमा आवद्धता कायम विश्वसनिय बनाउनु गरी प्रणालीहरुलाई पर्ने । • पेश्की फर्स्यौट गर्दा पेश्की बाँकी नै रहने हुँदा system मा सुधार गर्नुपर्दछ ।	

अनुसूची - २

हिसाव भिडान तथा जिल्लागत एकीकृत वित्तीय विवरण पेश गर्ने अन्तिम मिति

क. Financial Management Information System (Fmis) मा हिसाव भिडान सम्पन्न गर्नुपर्ने अन्तिम मिति २०८२ भाद्र ३० गतेसम्म हुनेछ ।

ख. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७५ को उपनियम (३) बमोजिम कार्यालयबाट प्राप्त विवरणहरुका वार्षिक बजेट, रकमान्तर, निकाशा, खर्च, बाँकी रकम, राजश्व, धरौटी र अन्य कोषका स्रेस्ता रुजु गर्ने कार्य मिति २०८२ असोज १५ गतेभित्र सम्पन्न गरी सक्नु पर्नेछ । उक्त मितिमा Fmis, TSA, SuTRA, CGAS लगायतका प्रणालीहरु लग गरिनेछ ।

ग. अनुसूची १ बमोजिमको जिल्लागत एकीकृत वित्तीय विवरण विवरण यस कार्यालयमा पेश गर्ने अन्तिम मिति २०८२ आश्विन २२ सम्म हुनेछ ।

अनुसूची - ३

कार्यसञ्चालन कोष तथा अन्य कोषको आय व्यय विवरण

पेम्बा शेर्पा
लेखा नियन्त्रक

सि.नं	जिल्ला	खाताको प्रकार	कार्यालय	गतवर्षको आय	जम्मा आय	खर्च/फर्ता खर्च/ट्रान्सफर	स्रेस्ता अनुसार बाँकी	बैंङ्क मौज्दात	स्रेस्ता र बैंक मौज्दात बिच फरकक	बैंक खाता नं	कैफियत
१	उदयपुर	ख -६ विविध खाता	पूर्वाधार विकास कार्यालय उदयपुर	०.००	१८६५६५३२.००	४३००३४९.००	१४३५६१८३.००		०.००		
२			जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, उदयपुर, गाइघाट	३९०३७२.७०	१६३७०००.७०	६४८०३४.००	९८८९६६.७०	९८८९६६.७०	०.००		
३			डिभिजन वन कार्यालय, उदयपुर, त्रिवेणी	६१५७८०४.००	२०८७६८५६.९०	११४५५२९५.९०	९४२१५६१.००	९४२१५६१.००	०.००		
४			जिल्ला अस्पताल, उदयपुर, गाइघाट	८८७२०८.२६	१३२७४३२००.२६	१२८१०९८३२.७६	४६३३३६७.५०	४६३३३६७.५०	०.००		
५			कटारी अस्पताल, उदयपुर	०.००	२००००.००	२००००.००	०.००	०.००	०.००		
६			डिभिजन वन कार्यालय, उदयपुर, गाईघाट	९१८५७५२.२६	२३१३३३३४.२६	१००५३६८६.००	१३०७९६४८.२६	१३०७९६४८.२६	०.००		
७			जलश्रोत तथा सिंचाइ विकास डिभिजन, उदयपुर	९७९२००.८९	८४७९२००.८९	७४१०६५४.००	१०६८५४६.८९	१०६८५४६.८९	०.००		
८			घरेलु तथा साना उद्योग कार्यालय, उदयपुर	३११३६०.८०	३११३६०.८०	०.००	३११३६०.८०	३११३६०.८०	०.००		
९			प्रदेश लेखा इकाई कार्यालय, उदयपुर	१७९५४२७.००	१७९५४२७.००	१६३१८२८.००	१६३५९९.००	१६३५९९.००	०.००		
जम्मा				१९७०७१२५.९१	२०७६५२९१२.८१	१६३६२९६७९.६६	४४०२३२३३.१५	४४०२३२३३.१५	०.००		

नोटः कार्यसञ्चालन कोष खाता बाहेक अन्य खाता प्रयोगमा नरहेको ।

अनुसूची -४

आन्तरिक लेखापरीक्षणको जिल्लागत एकीकृत वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८१/०८२

परिच्छेद-१
लेखापरीक्षणको उद्देश्य, क्षेत्र तथा विधिहरू

१. परिचय

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ मा प्रदेश सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको प्रदेश लेखा एकाई कार्यालयबाट हुने व्यवस्था रहेको छ । यस्तो लेखापरीक्षण प्रत्येक तीन महिनामा गरी सुझाव सहितको प्रतिवेदन सम्बन्धित कार्यालय वा निकाय प्रमुख तथा अख्तियारी प्रदान गर्ने तालुक कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । यसका साथै प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३(९) मा प्रदेश लेखा इकाई कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रको कार्यालयको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोको वार्षिक प्रतिवेदन भदौ मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था भए अनुरुप यो प्रतिवेदन तयार गरी पेस गरिएको छ ।
यस प्रतिवेदनमा आर्थिक वर्ष २०८१/०८२ को प्रदेश सरकारका सबै कार्यालय, प्रदेश सरकारबाट प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिएको अख्तियारी अन्तर्गतका कार्यक्रमहरू आन्तरिक लेखापरीक्षणको व्यहोरामा समावेश गरिएको छ ।

२. लेखापरीक्षणको उद्देश्य

कार्यसम्पादनको क्रममा प्रचलित कानूनको परिपालना गरी आर्थिक कारोबार सञ्चालन गरे नगरेको एवं आर्थिक कारोबारको लेखाङ्कन परीक्षण गरी कैफियत देखिएका बिषयमा आवश्यक सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। यसका साथै लेखापरीक्षणको उदेश्य देहाय बमोजिम रहेको छः-

(क) आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरे नगरेको,
(ख) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन तथा अनुगमन भए नभएको,
(ग) नेपाल सरकारले स्वीकृत गरेको लेखा निर्देशिका, लेखा ढाँचा तथा मानदण्ड अनुसार लेखा राखे नराखेको,
(घ) कार्यसम्पादनको क्रममा परिचालन भएको स्रोतको नतिजामूलक उपयोग भए नभएको,
(ङ) विनियोजन ऐन बमोजिम स्वीकृत सीमाभित्र रही निर्दिष्ट प्रयोजनमा खर्च गरी आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरे नगरेको,
(च) नगदी, जिन्सी एवं अन्य सरकारी सम्पत्तिको हानी नोक्सानी र सम्पत्ति दुरूपयोग हुन नपाउने व्यवस्था मिलाए नमिलाएको।

३. लेखापरीक्षणको क्षेत्र

यस प्रतिवेदनमा प्रदेश सरकारका कार्यालय र प्रदेश सरकारबाट प्रदेश र संघका कार्यालय तथा स्थानीय तहकालाई आर्थिक वर्ष २०८१/०८२ मा अख्तियारी प्रदान गरी भएको खर्च लेखापरीक्षण गरी देखिएको व्यहोरा समावेश गरिएको छायसका साथै यो प्रतिवेदनमा विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य सरकारी कोष, तत्सम्वन्धी स्रेस्ता, प्रमाण, कागजात, विवरण, तथ्याङ्क सूचनाको साथै कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था, कानूनको परिपालना र सरकारी सम्पत्तिको संरक्षण सम्बन्धमा परीक्षण गरी समावेश गरिएको छ। लेखापरीक्षण गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारिता तथा मितव्ययिता जस्ता आधारहरू लिइएको छ।

४. लेखापरीक्षणको विधि

लेखापरीक्षण गर्दा भौचिङ, अवलोकन, भौतिक परीक्षण, तुलना, गणना, सुनिश्चितता (पुष्टिकरण), कागजात भिडान, सोधपुछ, छलफल, विवरण संकलन तथा विश्लेषण जस्ता विधिहरू अवलम्वन गरिएको छ।

५. लेखापरीक्षणको सीमा

यो लेखापरीक्षण गर्दा निम्नलिखित सीमाहरू रहेका छन्:-

(क) लेखापरीक्षण कार्य सम्बन्धित कार्यालयबाट उपलब्ध गराइएका लेखा, स्रेस्ता, प्रमाण कागजात एवं सूचना, तथ्य, तथ्याङ्क र जानकारीमा आधारित छ। यसरी उपलब्ध गराइएका कागज, प्रमाण एवं तथ्य तथ्याङ्क पूर्ण सत्य र यथार्थ छन् भन्ने मान्यतामा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ।

(ख) कतिपय अवस्थामा लेखापरीक्षण गरिने कार्यालयबाट पेस भएका फाइलमा पर्याप्त मात्रामा कागजात संलग्न नभएको वा उपलब्ध हुन नसक्ने अवस्थामा उपलब्ध सीमित कागजातको आधारमा उठाइएका विषयबाट तात्विक निष्कर्षमा पुग्न नसकिने र थप अध्ययनमा समयको सीमितता रहेको छ। लेखापरीक्षण गर्दा उपलब्ध स्रेस्ता तथा कागजातलाई आधार लिइएको छ।

(ग) लेखापरीक्षण गर्दा प्रक्रियामूलक र नतिजामूलक दुबै प्रक्रिया अवलम्वन गर्ने प्रयास गरिएको भए तापनि लेखापरीक्षणको लागि उपलब्ध स्रोत साधन, समयको सीमा, लेखापरीक्षण कार्यमा संलग्न जनशक्तिको ज्ञान, सीप र अनुभवको सीमितता जस्ता कारणले गर्दा लेखापरीक्षण प्रक्रियामूलक र कानूनको परिपालनामा नै बढी केन्द्रित रहेको छ।

(घ) लेखापरीक्षणमा प्रचलित कानूनमा उल्लिखित लेखापरीक्षणका क्षेत्र तथा आधारलाई समेटने प्रयास गरिएको छ। यद्यपि लेखापरीक्षणका समग्र पक्ष, क्षेत्र तथा आधारलाई समेट्न सकिएको छैन।

(ङ) लेखापरीक्षण सार्वजनिक कोषको प्रयोग गरी भएको आर्थिक कारोबारमा मात्र केन्द्रित रहेको छ।

(च) लेखापरीक्षकबाट लेखापरीक्षण गर्दा असल मनसाय राखेर गरिएको छ। यसरी असल मनसायका साथ गरेको परीक्षणबाट कुनै कारोबार छुट हुन गएमा वा त्रुटि हुन पुगेमा त्यस्तो कार्यलाई सोही दृष्टिकोणबाट हेरिनु उपयुक्त हुन्छ।

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश लेखा इकाइ कार्यालय जयपुर, गाइघाट

पेम्बा शेर्पा लेखा नियन्त्रक

६. लेखापरीक्षण गरिएका स्रेस्ता

लेखापरीक्षण गर्दा देहायका स्रेस्ता परीक्षण गरिएको छः-

(क) गोश्वारा भौचर, बैंक नगदी किताब, बजेट सिट, पेस्की खाता, खर्चका फाँटवारी तथा आर्थिक विवरण,

(ख) सार्वजनिक निर्माणतर्फ मूल्याङ्कन समितिको निर्णय तथा प्रतिवेदन, ठेक्का सम्बन्धी विवरण तथा लगत, बैंङ्क जमानत अभिलेख खाता, नापी किताब, ठेक्का सम्वन्धी बिल लगायत अन्य निर्माण सम्वन्धी म.ले.प.फाराम,

(ग) राजस्वतर्फ नगदी रसिद, नियन्त्रण खाता, दैनिक टिपोट लगायतका राजस्व सम्वन्धी अन्य म.ले.प. फारम,

(घ) धरौटीतर्फ गोश्वारा धरौटी खाता, व्यक्तिगत धरौटी खाता तथा धरौटीसँग सम्बन्धित अन्य म.ले.प. फारम,

(ङ) कार्यसञ्चालन कोषतर्फ कोषको विवरण,

(च) जिन्सी श्रेस्ता तर्फ माग फारम, खरिद आदेश, दाखिला प्रतिवेदन र खर्च भएर जाने तथा नजाने जिन्सी रजिष्टर, अन्य सहायक खाता

परिच्छेद-२

लेखापरीक्षण गरिएको निकाय र आर्थिक कारोबारको अवस्था

७. लेखापरीक्षण गरिएको निकाय

क्र.सं.	निकाय/कार्यालय	कुल कार्यालय संख्या	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण गरिएको रकम	कैफियत
१	प्रदेश सरकार अन्तर्गतका कार्यालय	१३	१३	१५७४५८३४४	विनियोजन
२	प्रदेश सरकार अन्तर्गतका १२ वटा कार्यालय र १ संघीय कार्यालय-जि.प्रहरी का.	१३	१३	१७०१८९०९५.७०	राजश्व
३	प्रदेश सरकार अन्तर्गतका १३ वटा कार्यालय र (३ वटा संघीय कार्यालय- जिल्ला अदालत, इलाका प्रशासन र मालपोत कार्यालय गाईघाट)	१६	१६	१२७५१६३३९.०५	धरौटी (अन्तिम मौज्दात)
४	प्रदेश सरकार अन्तर्गतका कार्यालय	९	९	४४०२३२३३.१५	कार्यसञ्चालन कोष खाता (अन्तिम मौज्दात)
५	प्रदेश सरकारबाट प्रदान गरिएको अन्तर सरकारी अख्तियारी (संघ)	५	५	३५०००००	विनियोजन
६	प्रदेश सरकारबाट प्रदान गरिएको अन्तर सरकारी अख्तियारी (स्थानीय तह)	८	०	३०२६४४०००	
७	स्थानीय तह (स्थानीय तहको अनुरोधमा गरिएको लेखापरीक्षण)	८	०		

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
प्रदेश लेखा इकाई कार्यालय
उदयपुर, गाईघाट

पेम्बा शेर्पा
लेखा नियन्त्रक

परिच्छेद-३
विविध

८. **लेखापरीक्षणको सिलसिलामा असूल उपर भएको रकमः रु. ८८५०/-**

९. **लेखापरीक्षणको सिलसिलामा देखिएका समस्याहरुः**

- आन्तरिक लेखा परीक्षणको जिम्मा लेखा शाखाको मात्र भएको केहि कार्यालयको बुझाई भएको।
- प्राविधिक जनशक्ति र अन्य आवश्यक कर्मचारीहरु आवश्यक संख्यामा उपलब्ध हुन नसकेको।
- धरौटी र कार्यसंचालन कोषतर्फ **Reject** भएको भुक्तानीको कारणले **CGAS** मा दोहोरो आम्दानी र दोहोरो खर्च देखिएको।
- **PAMS** ले कार्यालयको यथार्थ जिन्सी अभिलेख राख्न नसकेको।
- कार्यालयको कार्यवोझको आधारमा लेखा समुहको दरवन्दी व्यवस्थित नभएको।
- कार्यालयमा आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित रुपमा लागु नगरेको।
- लेखापरिक्षणकका लागि लेखापरिक्षण सम्बन्धि सीप विकास तालिमको अभाव रहेको।
- पर्याप्त समय नहुँदा भौतिक परिक्षण तथा फिल्ड भिजिट गर्न कठिनाइ भएको।

१०. **लेखापरीक्षणलाई प्रभावकारी बनाउन अबलम्बन गर्नुपर्ने सुझावहरु**

- कानूनको इमान्दारीताका साथ परिपालनामा ध्यान दिनुपर्ने।
- कार्यालयको कार्यवोझको आधारमा दरवन्दी व्यवस्थापन गर्नुपर्ने।
- **Charts Of Activities** निर्माण गरी लागु गरिनुपर्ने।
- कर्मचारीलाई नतिजामुलक तालिमको व्यवस्था नियमित संचालन गर्नुपर्ने।

११. **जिल्लागत एकीकृत कैफियत तथा बेरुजु विवरण**

FMIS को प्रतिवेदन नं. ४४०४ संलग्न रहेको।

१२. **लेखापरीक्षणको कैफियत तथा बेरुजुको व्यहोरागत विवरण**

- **FMIS** को प्रतिवेदन नं. ४४०८ संलग्न रहेको।